August 27th,  2024 Tuesday

यो आकाशवाणी हो।  समाचार अबिगेल राईबाट सुन्नुहोस्।

प्रमुख समाचार:

- प्रधानमन्त्री श्री नरेन्द्र मोदी र रुसी राष्ट्रपति श्री भ्लादिमिर पुटिनबीच भारत र रुसबीचको रणनीतिक साझेदारीलाई थप मजबुत बनाउने उपायबारे छलफल
- ब्राजिलको G20 अध्यक्षतामा भारतको पूर्ण समर्थन रहेको विदेश मन्त्री डा एस जयशंकर भना
- कोलकातामा विद्यार्थी संगठनहरूका प्रदर्शनकारीहरू र  पुलिस बीच झडप
- पेरिसमा भोलिदेखि प्यारालम्पिक खेलकुद सुरु हुँदै
- अनि  ICC महिला T-20 क्रिकेट विश्वकपका लागि भारतीय टोलीको घोषणा

PM - Putin

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज रुसी राष्ट्रपति श्री भ्लादिमिर पुटिनसँग रुस र युक्रेनबीच चलिरहेको द्वन्द्वबारे कुराकानी गर्नुभएको छ। दुई नेताबीच भएको टेलिफोन वार्तामा भारत र रुसबीचको रणनीतिक साझेदारीलाई थप मजबुत बनाउने उपायबारे पनि छलफल भएको थियो। प्रधानमन्त्रीले उहाँको हालैको युक्रेन भ्रमणका बारेमा आफ्ना अनुभव श्री पुटिनसँग साझा गर्नुभएको छ। प्रधानमन्त्रीले रुस र युक्रेनबीच जारी द्वन्द्वको शान्तिपूर्ण समाधानका लागि भारतको प्रतिबद्धता दोहोऱ्याउनुभयो।

Jaishankar – Brazil FM

विदेश मन्त्री डा एस जयशंकरले ब्राजिलको G20 को अध्यक्षतामा भारतको पूर्ण समर्थन दोहोऱ्याउनुभएको छ। आज नयाँ दिल्लीमा भारत-ब्राजिल संयुक्त आयोगको नवौं बैठकमा आफ्नो उद्घाटन सम्बोधनमा डा. जयशंकरले विश्वासयोग्य विश्व व्यवस्था र दिगो विकासको लागि ब्राजिलको अद्वितीय पहलहरूको प्रशंसा गर्नुभयो। डा जयशंकरले ब्राजिलसँग भारतको द्विपक्षीय सम्बन्ध रक्षा, अन्तरिक्ष, सुरक्षा, व्यापार र लगानीलगायत धैरै क्षेत्रमा सुदृढ भएको बताउनुभयो।

Maldives-MEA Delegation

विदेश मन्त्रालयको उच्चस्तरीय प्रतिनिधिमण्डल द्वीपसमूहमा विकास सहयोग परियोजनाहरूको प्रगति समीक्षा गर्न माल्दिभ्स गएको छ। विशेष सचिव तथा वित्तीय सल्लाहकार श्री अनुराग अग्रवालको नेतृत्वमा रहेको प्रतिनिधिमण्डलले माल्दिभ्सका मन्त्री र उच्च सरकारी अधिकारीहरूसँग फलदायी अन्तरक्रिया गरेको थियो । प्रतिनिधिमण्डल भोलिसम्म माल्दिभ्समा रहने छ ।

Task Force Meeting

देशका चिकित्सकहरूलाई कार्यस्थलमा सुरक्षा प्रदान गर्न सर्वोच्च अदालतले गठन गरेको राष्ट्रिय कार्यदल एनटीएफको पहिलो बैठक आज नयाँ दिल्लीमा सम्पन्न भएको छ। मन्त्रिपरिषद् सचिवको अध्यक्षतामा बसेको बैठकमा गृहसचिव, स्वास्थ्य सचिवलगायत सबै सदस्य सहभागी थिए। बैठकमा विभिन्न विषयमा छलफल हुनुका साथै सदस्यहरुले आ–आफ्ना सुझाव दिएका थिए। स्वास्थ्य मन्त्रालयले स्वास्थ्यकर्मीहरूको सुरक्षाका सम्बन्धमा देशभरका व्यक्तिहरू र विभिन्न सरोकारवालाहरूबाट सुझावहरू आमन्त्रित गर्न NTF को लागि सुझावहरू शीर्षकको राष्ट्रिय पोर्टल पनि बनाएको छ।

West Bengal Students Protest

कोलकातामा आज विद्यार्थी संगठनहरूको र्‍यालीको क्रममा हावडा ब्रिज, फोरशोर रोड र सन्त्रागाछी क्षेत्रमा पुलिस र प्रदर्शनकारीहरू बीच झडप भएको खबर छ। प्रदर्शनकारीहरूले धेरै ठाउँमा ब्यारिकेड तोडेका छन्। उनीहरुलाई तितरबितर पार्न प्रहरीले लाठीचार्ज, अश्रुग्यास र पानीको फोहोरा प्रहार गरेको थियो। प्रदर्शनकारीहरूले मुख्यमन्त्री ममता बनर्जीको राजीनामा र कोलकाताको आरजी कार अस्पतालमा एक महिला डाक्टरमाथि भएको कथित दुष्कर्म र हत्या प्रकरणमा दोषीलाई तत्काल पक्राउ गर्न माग गरिरहेका छन्। राज्य प्रहरीले प्रदर्शनका लागि अनुमति नदिए पनि विद्यार्थी संगठनहरूले र्‍याली निकालेका छन्। राज्यपाल सीवी आनन्द बोसले राज्य सरकारलाई प्रदर्शनकारीहरू विरुद्ध बल प्रयोग नगर्न आग्रह गर्नुभएको छ।

MHA– Ladakh

झाँस्करलाई आधिकारिक रूपमा लद्दाखको केन्द्र शासित प्रदेशमा नयाँ जिल्ला घोषणा गरिएको छ। केन्द्रीय गृहमन्त्री श्री अमित शाहले हिजो यो निर्णयको घोषणा गर्नुभएको थियो। लद्दाख स्वायत्त पहाडी विकास परिषद् कारगिलका कार्यकारी पार्षद पञ्चोक टाशीले आज एक पत्रकार सम्मेलनमा यस ऐतिहासिक घोषणामा खुशी व्यक्त गर्नुभयो। श्री टाशीले यसका लागि प्रधानमन्त्री श्री नरेन्द्र मोदी, गृहमन्त्री श्री अमित शाह र लद्दाखका उपराज्यपाललाई धन्यवाद दिनुभयो। लद्दाखको केन्द्र शासित प्रदेशमा पाँच नयाँ जिल्लाहरू बनाएको छ। यी हुन्- झाँस्कर, द्रास, शाम, नुब्रा र चाङ्थाग।

BJP Third List J&K

भाजपाले आज जम्मू कश्मीरमा आगामी विधानसभा चुनावका लागि २९ उम्मेदवारहरूको तेस्रो सूची जारी गरेको छ। उम्मेदवारहरूको नाम भाजपाको केन्द्रीय निर्वाचन समितिले अनुमोदन गरेको हो। जम्मू कश्मीरमा विधानसभा चुनावको पहिलो चरणको मनोनयन आज समाप्त हुँदैछ। राज्यमा पहिलो चरणमा सेप्टेम्बर १८ मा ६ जिल्लाका २४ सिटमा मतदान हुँदैछ। राज्यमा बाँकी दुई चरणको मतदान सेप्टेम्बर २५ र अक्टोबर १ मा हुनेछ। नतिजा अक्टोबर ४ मा घोषणा हुनेछ।

JJP-ASP Haryana Alliance

जननायक जनता पार्टी (जेजेपी) र आजाद समाज पार्टी (कांशीराम) (एएसपी) ले आगामी हरियाणा विधानसभा चुनावको लागि गठबन्धन बनाएको छ। गठबन्धनले हरियाणाका सबै 90 विधानसभा सीटहरूमा चुनाव लड्नेछ, जसमा जेजेपीले 70 सीटहरूमा र एएसपीले 20 सीटहरूमा प्रतिस्पर्धा गर्नेछ।  हरियाणामा अक्टोबर १ मा एउटै चरणमा मतदान हुँदैछ। मतगणना अक्टोबर ४ मा जम्मू कश्मीरसँगै हुनेछ।

Mother Teresa Award - Dubai

२४ औं अन्तर्राष्ट्रिय मदर टेरेसा पुरस्कार वितरण समारोह हिजो दुबईमा सम्पन्न भएको छ। यो पुरस्कार सन् १९९७ मा मदर टेरेसाको निधनपछि सुरु भएको थियो। यो पुरस्कार भारतमा शिक्षा, विज्ञान, संस्कृति, खेलकुद, सामाजिक कार्य, चिकित्सा र राजनीतिलगायत विभिन्न क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्तिहरूलाई दि□न्छ। समारोहमा कला क्षेत्रको प्रतिनिधित्व □र्की बोचेन्कोले गरेका थिए भने शिक्षा क्षेत्रमा सांसद रोजारियोलाई सम्मान गरिएको थियो। सामाजिक कार्यका लागि अवार्ड युना□टेड अरब □मिरेट्सका सुरेन्द्रतार सिंह खाँदारी र मुरली पञ्जाबीलाई प्रदान गरिएको थियो। समारोहले युवा प्रतिभा अहमद अल हाशिमीलाई युवा संगीतकार र बाल प्रतिभाको रूपमा सम्मान पनि गऱ्यो।

US Open

सुमित नागल युएस ओपन टेनिस प्रतियोगिताको पुरुष एकलको पहिलो चरणमा हार बेहोरेर बाहिरिएका छन्। पुरुष युगलमा रोहन बोपन्ना, युकी भाम्बेरी र एन श्रीराम बालाजीले भोलि आ-आफ्नो साझेदारसँग अभियान सुरु गर्नेछन्। भोलि पहिलो चरणमा रोहन बोपन्ना र म्याथ्यु एप्टनको जोडीले रोबिन हासे र स्यान्डर एरेन्ड्सको जोडीसँग प्रतिस्पर्धा गर्नेछ।

ICC Women T-20

स्टार ब्याट्सम्यान हरमनप्रीत कौर आईसीसी महिला टी-२० क्रिकेट विश्वकप २०२४ का लागि १५ सदस्यीय भारतीय टोलीको कप्तान हुनेछिन्। टोलीको उपकप्तानमा स्मृति मन्धाना रहनेछिन्। क्रिकेट प्रतियोगिता अक्टोबर ३ देखि २० सम्म दुबई र शारजाहमा हुनेछ। समूह ए मा भारतसँगै अष्ट्रेलिया, न्यूजिल्याण्ड, पाकिस्तान र श्रीलंका छन्।

Palalympics Game

पेरिसमा भोलिदेखि प्यारालिम्पिक खेलकुद सुरु हुँदैछ। भारतले यी खेलहरूमा 84 खेलाडीहरूको टोली पठाएको छ जसले 12 खेलहरूमा भाग लिनेछ। यसपटक पनि कीर्तिमानी पदक जित्ने अपेक्षा गरिएको छ। भारतले २०२१ को टोकियो पाराओलम्पिकमा पाँच स्वर्ण सहित १९ पदक जितेको थियो र पदक तालिकामा २४ औं स्थान हासिल गरेको थियो। भारतले यसपालि स्वर्ण पदकको संख्या दोहोरो अंकमा पुऱ्याउने र कुल २५ भन्दा बढी पदक जित्ने लक्ष्य राखेको छ।

अन्त्यमा  यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक

- प्रधानमन्त्री श्री नरेन्द्र मोदी र रुसी राष्ट्रपति श्री भ्लादिमिर पुटिनबीच भारत र रुसबीचको रणनीतिक साझेदारीलाई थप मजबुत बनाउने उपायबारे छलफल
- ब्राजिलको G20 अध्यक्षतामा भारतको पूर्ण समर्थन रहेको विदेश मन्त्री डा एस जयशंकर भना□
- कोलकातामा विद्यार्थी संगठनहरूका प्रदर्शनकारीहरू र  पुलिस बीच झडप
- पेरिसमा भोलिदेखि प्यारालम्पिक खेलकुद सुरु हुँदै
- अनि  ICC महिला T-20 क्रिकेट विश्वकपका लागि भारतीय टोलीको घोषणा।